आज मिति २०७७ साल कार्तिक १९ गते बुधवारका दिन विहान ११:०० वजे यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री विदुर हुँमागाईंज्यूको अध्यक्षतामा बसेको ५४ औं गाउँ कार्यपालिकाको वैठक तपसिल वमोजिमका पदाधिकारीहरुको उपस्थितीमा पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय वमोजिमका निर्णय गरियो ।

| सिं.नं. | उपस्थिती | हस्ताक्षर |
|---|---|---|
| १ | श्री विदुर हुँमागाईं, अध्यक्ष | |
| २ | श्री हर्कमाया रुम्वा, उपाध्यक्ष | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | |
| ४ | श्री वखान सिं पाखिन, २ नं. वडा अध्यक्ष | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री जित वहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुर्य वहादुर रुम्वा, ७ नं. वडा अध्यक्ष | |
| १० | श्री कुमार सिं घिसिङ, ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | |
| १३ | श्री चिनिमाया  लुङ्वा, कार्यपालिका सदस्य | चिनी |
| १४ | श्री वुद्धिमाया वोम्जन, कार्यपालिका सदस्य, | वुद्दी |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | निर्मला |
| १७. | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | |

Scanned with CamScanner

**मिति २०७७ कात्तिक १९ को ५४ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु :**

१. छैठौं गाउँसभाको मिति कार्यसूची स्विकृती सम्वन्धमा ।
२. छैठौं गाउँसभामा प्रस्ताव गरिने विधेयकका मस्यौदाहरु स्विकृत सम्वन्धमा ।
   - वातावरण तथा प्राकृतीक स्रोत संरक्षण सम्वन्धमा बनेको कानुन
   - सार्वजनिक निजि साझेदारी सम्वन्धमा कानुन
   - वालवालिकाको हित संरक्षण सम्वन्धी कानुन
   - संस्था दर्ता सम्वन्धमा बनेको कानुन
३. प्रतिस्पर्धात्मक योजना कार्यान्वयन मोडल अवलम्वन सम्वन्धमा ।
४. घ वर्गको इजाजतपत्र संशोधन सम्वन्धमा ।
५. लघुउद्यम कार्यक्रम सञ्चालन सम्वन्धमा ।
६. बालमैत्री सहजकर्ता नियुक्ति सम्वन्धी ।
७. गाउँ शिक्षा समिति संशोधन सम्वन्धमा ।
८. गाउँ शिक्षा समिति पुनःगठन सम्वन्धमा ।
९. योजनाहरुका सम्वन्धमा ।
१०. कृषि तथा पशूपालनका योजनाहरुका सम्वन्धमा ।
११. आर्थिक सहायता अनुमोदन सम्वन्धी ।
१२. विविध

**छलफल तथा निर्णयहरु**

**१. छैठौं गाउँसभाको मिति कार्यसूची स्विकृती सम्वन्धमा ।**

यस गाउँपालिकालाई आवश्यक विभिन्न ऐनहरु पारीत गर्ने प्रयोजनका लागि यसै मिति २०७७ कात्तिक २१ गते हुने गाउँसभाको लागि तपसिल वमोजिमको कार्यसूची वमोजिम सम्पन्न गर्ने निर्णय गरियो ।

**तपसिल**

**मकवानपुरगढी गाउँपालिका**
**छैठौं गाउँसभा**
**२०७७ कातिक २१ गते**
**हिँउदे अधिवेशन**

**कार्यसूचि र समय तालिका**

वैठक संख्या : १

वैठक स्थान : मकवानपुरगढी गाउँपालिका सभाहल

**अध्यक्षता : विदुर हुमागाई**

**१.अध्यक्षज्युको आगमन पछि राष्ट्रिय गान सहित सवै सदस्यज्यूहरुले उठेर अध्यक्षप्रति सम्मान प्रकट गर्ने ।**

| मिति | बैठक वस्ने समय | कार्य सूचि | कार्यसुचि प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | | **अध्यक्ष बाट सभा प्रारम्भ भएको घोषणा** | | |
| २०७७०७२१ | ११ वजे | वातावरण तथा प्राकृतीक स्रोत संरक्षण सम्वन्धमा बनेको कानुनको प्रस्ताव पेश तथा पारीत गर्न विचार गरियोस भन्ने प्रस्ताव पेश | उपाध्यक्ष वा उपाध्यक्षले तोकेको कार्यपालिकाको सदस्य श्री भागवत घिमिरे | |
| २०७७०७२१ | | सार्वजनिक निजि साझेदारी सम्वन्धमा कानुनको प्रस्ताव पेश तथा पारीत गर्न विचार गरियोस भन्ने | श्री बखान सिंह पाखिन आर्थिक विकास समिति | |

विदुर अध्यक्ष

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | प्रस्ताव पेश | संयोजक | |
| २०७७०७२१ | | बालबालिकाको हित संरक्षण सम्बन्धी कानुनको प्रस्ताव पेश तथा पारीत गर्न विचार गरियोस भन्ने प्रस्ताव पेश | सामाजिक विकास संयोजक श्री जीत बहादुर घिमिरे | |
| २०७७०७२१ | | संस्था दर्ता सम्बन्धमा बनेको कानुनको प्रस्ताव पेश तथा पारीत गर्न विचार गरियोस भन्ने प्रस्ताव पेश | वडा अध्यक्ष श्री आइत सिंलो | |
| २०७७०७२१ | | शिक्षा ऐन संशोधन प्रस्ताव पेश तथा विचार गर्ने प्रस्ताव | सभाध्यक्ष | |
| २०७७०७२१ | | विचार गर्न पेश भएका कानुन माथिको छलफलको लागि सभाका सदस्यहरुलाई समय प्रदान | सभाध्यक्ष | |
| २०७७०७२१ | | उठेको जिज्ञासामा सम्बन्धित पक्ष एव सभाध्यक्षबाट जवाफ दिने सहित पेश भएका कानुनहरुको निर्णयार्थ प्रस्ताव पेश, | सभाध्यक्ष | |
| २०७७०७२१ | | विविध विषयवस्तु तथा विचारका लागि पेश भएका कानुनहरु पारीत सहित हिंउदे अधिवेशनको दोश्रो बैठक आगामी कार्यपालिकाले तोकेको मितिमा वसी समापन गर्ने गरि सभाको स्थगन गर्न । | सभाध्यक्ष | |

**२. छैठौं गाउँसभामा प्रस्ताव गरिने विधेयकका मस्यौदाहरु स्विकृत सम्बन्धमा ।**

यस गाउँपालिकाको लागि आवश्यक रीक्त ऐन कानुनको आवश्यकतालाई मध्यनजर गरी तपसिल वमोजिमका ऐनहरु उपर आवश्यक छलफल तथा अन्तरक्रिया गरि तय भएको कानुनको अन्तिम रुपलाई आगामी कात्तिक २१ गते हुने गाउँसभावाट अनुमोदन हुनेगरी सर्वसम्मतीका साथ स्विकृत गर्ने निर्णय गरियो ।

- वातावरण तथा प्राकृतीक स्रोत संरक्षण सम्वन्धमा वनेको कानुन, २०७७
- सार्वजनिक निजि साझेदारी सम्वन्धमा कानुन, २०७७
- वालवालिकाको हित संरक्षण सम्वन्धी कानुन, २०७७
- संस्था दर्ता सम्वन्धमा वनेको कानुन, २०७७
- शिक्षा ऐन संशोधन प्रस्ताव, २०७७

**३. प्रतिस्पर्धात्मक योजना कार्यान्वयन मोडल अवलम्वन सम्बन्धमा ।**

विकासका विभिन्न मोडलहरुमध्य सक्रियताका साथ योजना कार्यान्वयन गर्न, छिटो एवं प्रभावकारी ढंगले योजनाहरु सम्पन्न गर्न तथा गाउँपालिकाले तर्जुमा गरेको योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको समयसिमाभित्रै अर्थात चैत्र मसान्तभित्रै योजना सम्पन्न गर्ने कार्यलाई तदारुकताकाका साथ लागू गर्न विकास क्रियाकलापलाई प्रतिस्पर्धात्मक अर्थात वडामा विनियोजन भएको एकै प्रकृती र वजेटका योजनाहरु जुन वडाले अरु वडा भन्दा अगाडि सम्पन्न गर्छ तथा प्रत्येक वडामा विनियोजन भएका योजनाहरुमध्य जुन वडाको कार्यान्वयन प्रगति प्रतिशत अन्य वडा भन्दा वढि छ त्यहि वडालाई आगामी आर्थिक वर्षहरुमा वजेट विनियोजन गर्दा प्रोत्साहनस्वरुप वढि वजेट विनियोजन गर्ने विकासको मोडल अवलम्वन गरिएका योजना कार्यान्वयनमा समितिको सक्रियतामा वृद्धि भई समयमै योजना सम्पन्न भएको पाइएकोले उक्त मोडलको विषयमा योजना कार्यान्वयन गर्ने शिलसिलामा अवलम्वन गर्दै जाने विषयलाई प्राथमिकताका साथ लागू गर्ने निर्णय गरियो ।

**४. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५संशोधन सम्वन्धमा ।**

विदुर हुमागाईं
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विशेषतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभुत विशेषतालाई अक्षुण राखि सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमानदारीता, जवाफदेहिता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा स्रोतको उच्चतम उपयोग गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पँहुचलाई सुचिश्चित गर्न उक्त कानुनलाई समयानुकुल वनाउन आवश्यक देखिएकोले गाउँपालिकाले मिति २०७५ वैशाख ३० गते पारीत गरेको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ मा तपसिल वमोजिम संशोधन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

- उक्त कार्यविधिको अनुसूची -५ मा "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता शिर्षकको ३ नम्वर वुँदाको खण्ड (घ) मा **तीन थानको सट्टा एक थान शब्द राख्ने**,
- उक्त कार्यविधिको अनुसूची -५ मा "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता शिर्षकको ३ नम्वर वुँदाको खण्ड (ङ) मा **तीन थानको सट्टा एक थान शब्द राख्ने**,
- उक्त कार्यविधिको अनुसूची -५ मा "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता शिर्षकको वुँदा नं. ३ को मेशिन र उपकरणमा देहायको व्यहोरा रहनेगरी (च) खण्ड थप गर्ने,

  (च) खण्ड : (क) र (ख) अन्तरगतको क्रमशः ट्रिपर/ट्याक्टर तथा मिक्सर कम्तिमा ५ (पाँच) वर्षको लागि भाडामा लिएको भएमा उक्त मेशिनहरु कम्तिमा ५ (पाँच) वर्षका लागि भाडामा लिएको सम्वन्धित फर्म, व्यवसायीसँगको सम्झौतापत्र

**५. लघुउद्यम कार्यक्रम सञ्चालन सम्वन्धमा ।**

यस गाउँपालिकाले चालु आर्थिक वर्षका लागि पारीत गरेको विभिन्न योजना, कार्यक्रम तथा योजनाहरुमध्ये सिपमुलक कार्यक्रम, उद्यम सिर्जना गर्ने कार्यक्रम तथा स्वरोजगारमार्फत आत्मनिर्भर हुने खालका व्यवसायीमुलक कार्यक्रमहरुको तदारुकताका साथ कार्यान्वयन गर्नका लागि गरिवि निवारणको लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ वमोजिम पाँचौ तहको एक जना जना लघुउद्यम सहजकर्ता राख्ने निर्णय गरियो । साथै सोही निर्देशिका वमोजिम उक्त कार्यक्रम सञ्चालनार्थ एक जना कार्यक्रम संयोजक समेत राख्ने निर्णय गरियो ।

**६. वालमैत्री सहजकर्ता नियुक्ति सम्वन्धी ।**

वालवालिकाको हित संरक्षणका लागि वनेका विभिन्न कानुन, रणनीति तथा कार्यविधिहरुको कार्यान्वयन गर्नका लागि, वालवालिकासँग सम्वन्धित विभिन्न योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्नका लागि एक जना वालमैत्री सहजकर्ता करारमा राख्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**७. गाउँ शिक्षा समिति संशोधन सम्वन्धमा ।**

यस गाउँपालिकाले मिति २०७४ मंसिर ०७ गते प्रमाणिकरण गरी लागू गरेको शिक्षा ऐन, २०७४ मा देहायवमोजिम संशोधन गरी आगामी गाउँसभामा अनुमोदनको लागि पठाउने निर्णय गरियो ।

- उक्त ऐनको दफा १५ उपदफा १ को खण्ड घ मा स्रोत व्यक्ति शव्द हटाई सो खण्डमा "पेशागत संगठन युनियन प्रतिनिधि" शव्द राख्ने,

- उक्त ऐनको दफा १५ उपदफा १ को खण्ड "ज" मा "प्रधानाध्यापक" शब्द हटाई सोको सट्टा "शिक्षक" शब्द राख्ने,
- उक्त ऐनको दफा १५ उपदफा १ पछि उपदफा १क. थप गरी देहायको व्यहोरा राख्ने,
  - "उपदफा १ बमोजिमको गाउँ शिक्षा समितिको बैठकमा गाउँपालिकाले नियुक्त गरेको श्रोत शिक्षकलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ" ।

**८. गाउँ शिक्षा समिति पुनःगठन सम्बन्धमा ।**

मकवानपुरगढी गाउँपालिकाको शिक्षा ऐन, २०७४ बमोजिम तय भएको शिक्षा समितिमा देहाय वमोजिमका पदाधिकारीहरु रहने गरी पुनःगठन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**देहाय :** **जम्मा पदाधिकारी संख्या : १३**

| सि.नं. | गाउँ शिक्षा समिति पद | नाम | कैफियत |
|---|---|---|---|
| १ | अध्यक्ष | बिदुर हुँमागाइ | गाउँपालिका अध्यक्ष |
| २ | सदस्य | जीत वहादुर घिमिरे | सामाजिक विकास समिती संयोजक |
| ३ | सदस्य | रामकुमार पुडासैनी | प्रमुख प्रशासकिय अधिकृत |
| ४ | सदस्य | मन्जु योञ्जन | कार्यपालिकाले तोकेको गाउँसभा सदस्य |
| ५ | सदस्य | पातलीमाया गोले | कार्यपालिकाले तोकेको गाउँसभा सदस्य |
| ६ | सदस्य | दोर्जे लामा स्याङतान | शिक्षा प्रेमी |
| ७ | सदस्य | मान कुमारी नेपाली | समाजसेवी दलित |
| ८ | सदस्य | सन्तु थिङ | महिला सदस्य |
| ९ | सदस्य | नर वहादुर स्याङतान | वि.व्य.स. अध्यक्ष |
| १० | सदस्य | लिलानाथ ढुङ्गेल | शिक्षक महासंघको तर्फवाट |
| ११ | सदस्य | होम वहादुर नेपाली | प्र.अ. हरुको तर्फवाट |
| १२ | सदस्य | सकुन्तला गिरी | महिला शिक्षक |
| १३ | सदस्य-सचिव | राम वहादुर घलान | शिक्षा इकाई प्रमुख |

**९. योजनाहरुको सम्बन्धमा ।**

चालु आर्थिक वर्षका लागि विनियोजन भएको रकमवाट देहाय बमोजिमको शिर्षकमा तपसिल वमोजिम योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| सि.नं. | योजना प्राप्त गर्ने फर्म, संस्था | क्रियाकलाप | विनियोजन रकम | ब.शि |
|---|---|---|---|---|
| १ | लालिगुँरास दूग्ध सहकारी लिमिटेड वडा नं. ५ | मिल्क एनालाइजर खनिज | २ लाख ५० हजार | सहकारी प्रवर्द्धन कार्यक्रम |
| २ | ऐतिहासिक मकवानपुरगढी दरवार सरसफाई | सरसफाई | १ लाख | भैपरी आउने पुँजिगत |
| ३ | श्री कृष्ण दूग्ध उत्पादक सहकारी संस्था प्रा.लि., | विद्युतीय सामाग्री व्यवस्थापन | ~~५०~~ ६० हजार | सहकारी प्रवर्द्धन कार्यक्रम |
| ४ | चुरीयामाई एग्रो फर्म, राम प्रसाद दुलाल, | पहिरो नियन्त्रण | ५० हजार | विपद व्यवस्थापन |
| ५ | ॐ नमो वुद्ध कृषि सहकारी संस्था, मकवानपुरगढी-१, रानिसेरा | दूग्ध सामाग्री व्यवस्थापन | १ लाख | सहकारी प्रवर्द्धन कार्यक्रम |

बिदुर हुँमागाइ
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मनहरी, मकवानपुर बागमती प्रदेश, नेपाल
Scanned with CamScanner

**१०. कृषि तथा पशूपालनका योजनाहरुका सम्बन्धमा ।**

गाउँपालिकाको सबै वडाहरुमा पशूपालन तथा कृषि उत्पादन सम्भाव्यताको आधारमा देहायका वडाहरुमा देहाय बमोजिम उत्पादन पकेट क्षेत्र, पशूपालन ब्लक तथा स्रोत केन्द्र तोक्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**तपसिल**

| सि.नं. | वडा | पकेट क्षेत्र/स्रोत केन्द्र | कैफियत |
|---|---|---|---|
| १ | १ | बाखापालन, केरा अदुवा बेसार उत्पादन पकेट क्षेत्र | |
| २ | २ | कागती उत्पादन पकेट क्षेत्र, बाछाबाछी स्रोत केन्द्र | उक्त वडामा कार्यान्वयन हुन नसके अन्य वडामा सार्न सकिने । |
| ३ | ३ र ४ | गाई ब्लक क्षेत्र | |
| ४ | ५ र ६ | गाई प्रवर्द्धन साझेदारी कार्यक्रम | |
| ५ | ६ | लिक्युड फर्टिलाईजर उत्पादन कार्यक्रम | |
| ६ | ७ | अदुवा र कागती उत्पादन पकेट क्षेत्र | |
| ७ | ८ | तरकारी, किवि, सिताके च्याउ फलफुल उत्पादन पकेट क्षेत्र | |

**११. आर्थिक सहायता तथा असहाय सहयोग अनुमोदन सम्वन्धमा ।**

गाउँपालिका अध्यक्षज्यूवाट सम्वन्धित वजेट शिर्षकवाट खर्च गर्ने गरि विभिन्न मितिमा तोक आदेश गर्नु तपसिल वमोजिमका योजना तथा कार्यक्रमहरुलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मत रुपमा गर्ने निर्णय गरियो ।

| सि.नं. | योजना तथा कार्यक्रम | ब.शि. | अनुमोदन रकम एवं विनियोजन रकम | कैफियत |
|---|---|---|---|---|
| १ | होम कुमारी सञ्जेलको श्रीमान कृष्ण प्रसाद सञ्जेल वडा नं. ३ | आर्थिक सहायता | १५ हजार | |
| २ | पांच वहादुर स्याङ्तानको बुवा बुद्धिमान वडा नं. ५ | असहायसँग अध्यक्ष कार्यक्रम | १५ हजार | |
| ३ | सुशिला स्याङतानको वुवा चन्द्र बहादुर वडा नं. १ | असहायसँग अध्यक्ष कार्यक्रम | १५ हजार | |
| ४ | सुमन थिङको छोरा विकास थिङ | आर्थिक सहायता | १५ हजार | हात भाँचिएको |
| ५ | सुन माया घलान (निवेदक : प्रेम बहादुर घलान) वडा नं. २ | आर्थिक सहायता | २५ हजार | हात भाँचिएको |
| ६ | समिता परियारको वुवा देव वहादुर दमै, वडा नं. ४ | आर्थिक सहायता | ३० हजार | Paralysis |
| ७ | सोम वहादुर भ्लोनकी श्रीमति सुकुमाया भ्लोन | आर्थिक साहायता | ४० हजार | Brain Tumor |
| ८ | राम प्रसाद हुमागाँई | आर्थिक सहायता | ३० हजार | न्युमोनिया |
| ९ | आयुष हुमागाँई, वडा नं ५, शारदा माध्यामिक विद्यालय | छात्रवृत्ति | १० हजार | विपन्न |
| १० | अमृता पुडासैनी वडा नं. २ | आर्थिक सहायता | २० हजार | एपेन्डीक्स अप्रेशन |

विदुर हुमागाँई
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**१२.विविध**

विविधका सम्बन्धमा तपसिल बमोजिम निर्णय गरियो ।

- वडा नं. ३ स्थित निर्माणाधिन वडा नं ३ को वडा कार्यालय भवनको तेश्रो तला ढलानको लागि कूल ४२ लाख रकममध्ये ६० ४० अवधारणा अनुरुप गाउँपालिकाको तर्फबाट रु १४ लाख र उपभोक्ता समितिको तर्फबाट २ लाख ८१ हजार रकम गरी १६ लाख ८१ हजार अर्थात ४० प्रतिशत र बाँकी थप २५ लाख २१ हजार अर्थात ६० प्रतिशत बजेट व्यवस्थापनको लागि जिल्ला समन्वय समिति, मकवानपुरलाई अनुरोध गर्ने ।
- हरेक वडामा विद्युत मर्मत सम्भारको कामलाई सहज बनाउन वडा नं. १ र ८ मा २/२ वटा र अन्य वडामा १ १ वटा विद्युत पोल भऱ्याङ व्यवस्थापन गर्ने,
- विद्युत नियमित गर्न तथा मर्मत सम्भार नियमित गरिरहन विद्युत प्राधिकरणसँगको समन्वयमा गाउँपालिकाभरको लागि २ जना विद्युत प्राविधिक करारमा राख्ने,
- बाँझो जग्गाको उपयोगको लागि प्राप्त निवेदनउपर मंसिर १ गतेदेखि कार्यान्वयनमा ल्याउने,

**आजको बैठक विहान ११:०० बजे सुरु भई अपरान्ह ५ बजे सम्पन्न भयो ।**

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner